# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
## चौतारा,सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नम्बर : २५२

मितिः-२०७९/०६/०४

**आलु बाली पकेट विकास कार्यक्रम सञ्चालन मा सहभागी हुन प्रस्ताव** आह्वान**को सूचना ।**

**आ.व.०७९/८०** मा संघीय शर्सत अनुदान कार्यक्रम तर्फ यस चौतारा साँगाचोकगढी नगरपालिकामा **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत नयाँ आलु बाली साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास** कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले ईच्छुक चौतारा साँगाचोकगढी नगरपालिका भित्रका कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सहकारी /जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजपत्र सहित मिति २०७९/०७/०४ गते भित्र चौतारा साँगाचोकगढी नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा (अनुसुची ६,अनुसुचि ७ र अनुसुचि १०) अनुसारको विवरण र ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता सहित प्रस्ताव पेश गर्न सम्वन्धित सबैमा जानकारीका लागी यो सुचना प्रकाशीत गरीएको छ ।

**पकेट सञ्चालनका लागी तोकिएको बाली तथा मापदण्ड**

| क्र.सं | बाली/वस्तु | आवश्यक जग्गाको क्षेत्रफल | सञ्चालन गर्न सकिने कृयाकलापहरु |
|---|---|---|---|
| १ | आलु बाली | ७ हेक्टर ( १४० रोपनी ) | स्थलगत तालिम, क्षेत्रफल विस्तार, माटो परिक्षण तथा व्यवस्थापन, मल, विउ, सिंचाई र उपकरण सहयोग आदि । |

**निवेदन साथ पेश गर्नुपर्ने कागजपत्रहरू :**

१. सम्वन्धित निकायमा दर्ता भएका कषक समुह/ सहकारी/जल/वन उपभोक्ता समिति/कृषि/पशु फार्म दर्ता तथा नविकरण,स्थायी लेखा नम्बर,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. कार्यक्रम माग गर्ने संस्थाहरुको कार्य समितिको निर्णयको प्रतिलिपि ।
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजपत्र वा भाडाको जग्गा भए कम्तिमा ५वर्षको भाडामा लिने /दिने सम्झौतानामा ।
४. सञ्चालक समितिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
५. कार्यक्रम मागको लागी (अनुसुचि ६) अनुसारको निवेदन ।
६. पुर्ण रुपमा भरिएको पकेट क्षेत्र मागको लागि आधारभूत तथ्याङ्क फारम (अनुसुचि ७)
७. अनुदानको लागी आवेदन फारम (अनुसुचि १०) अनुसारको विवरण
८. सम्बन्धित वडा कार्यालयको सिफारिस

..............................

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

http://chautaramun.gov.np/ chautaramun@gmail.com 011-620477 313011-620047